# सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६

<u>प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मिति</u>

२०७६।७।२१

<u>संशोधन</u>

१. सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७७ २०७७।९।१३

२. सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७७ २०७७।९।२७

विकास समिति ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति (गठन) आदेश, २०७६" रहेको छ ।

(२) यो आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले आदेशको दफा ७ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "पूर्वाधार" भन्नाले सुदूरपश्चिम प्रदेशका लागि तोकिएको राजधानी रहने स्थानमा निर्माण हुने सम्पूर्ण प्रादेशिक सरकारी संरचना र सोसँग जोडिएको अन्य पूर्वाधार सम्झनु पर्छ ।

(ङ) "परियोजना" भन्नाले प्रदेश राजधानीको भौतिक पूर्वाधार निर्माण सम्बन्धी परियोजना सम्झनु पर्छ ।

(च) "राजधानी" भन्नाले सुदूरपश्चिम प्रदेश सभाले तोकेको कैलाली जिल्लाको गोदावरी क्षेत्रलाई सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

३. <u>समितिः</u> (१) राजधानीको भौतिक पूर्वाधार निर्माण सम्पन्न गर्न र सोसँग सम्बद्ध काम कारवाहीलाई व्यवस्थित ढंगले अगाडी बढाउन सुदूरपश्चिम प्रदेश राजधानी पूर्वाधार विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिम सदस्यहरु रहनेछनः-

(क) मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -अध्यक्ष
(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य
(ग) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(घ) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य
(ङ) मन्त्री, सामाजिक विकास मन्त्रालय -सदस्य
(च) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
(छ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले आवश्यक ठानेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्य थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. <u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u> (१) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार आकस्मिक बैठक बस्न बाधा पर्ने छैन ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बोलाउनु पर्नेछ । बैठक बस्ने सूचना बैठकको कार्यसूची सहित कम्तीमा दुई दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(५) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा प्रदेश सरकार (मन्त्रिपरिषद्) का बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको निर्णय अध्यक्ष र समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश राजधानी रहने स्थानमा भौतिक संरचना निर्माणलाई व्यवस्थित गर्न आवश्यक तयारीका लागि निर्देशन दिने,

(ख) प्रचलित कानून बमोजिम प्रदेश राजधानी रहने स्थानको जग्गा प्राप्ति गर्ने वा सो काम सम्पन्न गराउन कार्यकारी निर्देशकलाई जिम्मेवारी दिने,

(ग) प्रदेश राजधानी रहने स्थानमा भौतिक संरचना निर्माण गर्दा प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सम्पन्न गराउने वा सो काम सम्पन्न गराउन कार्यकारी निर्देशकलाई जिम्मेवारी दिने,

(घ) प्रदेश राजधानीको भौतिक संरचना निर्माण र व्यवस्थापनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गराउने,

(ङ) राजधानी क्षेत्र र यसका संरचना निर्माणको गुरुयोजना तयार गर्न लगाउने,

(च) भौतिक संरचनाहरुको खाकासहितको डिजिटल नक्सा तयार गर्न लगाउने,

(छ) भौतिक संरचना निर्माण सम्बन्धी कामको प्राथमिकता तोक्ने र निर्माणसम्बन्धी काम गर्न लगाउने,

(ज) भौतिक संरचना निर्माण सम्बन्धी परियोजनाको वार्षिक योजना, बजेट र कार्यतालिका सहितको कार्यक्रम स्वीकृत गर्ने,

(झ) भौतिक संरचना निर्माण सम्बन्धी परियोजनाको कार्यालयलाई आवश्यक पर्ने बजेट तथा अन्य श्रोत साधन उपलब्ध गराउने,

(ञ) भौतिक संरचना निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन विभिन्न निकायबीच समन्वय गर्ने,

(ट) भौतिक संरचना निर्माणको अनुगमन, सुपरिवेक्षण, जाँच तथा मुल्याङ्कन गर्ने गराउने,

(ठ) प्रदेश राजधानीको पूर्वाधार निर्माणका लागि सरोकारवालाहरुसँग परामर्श गर्ने र सुझाव दिने, र

(ड) अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

६. <u>अध्यक्षको काम, कर्तव्य र अधिकार:</u> (१) यस आदेशमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिको अध्यक्षको हैसियतले बैठकको व्यवस्थापन गर्ने वा गराउने,

(ख) राजधानी क्षेत्रको भौतिक संरचना निर्माण तयारीको गुरुयोजना र अन्य क्षेत्रगत कार्ययोजना तयार गरी स्वीकृतिका लागि समितिमा पेश गर्न सदस्य सचिवलाई निर्देशन दिने,

(ग) समिति र परियोजनाको मानव श्रोत व्यवस्थापन, आर्थिक व्यवस्थापन तथा अन्य काम कारवाहीको सुपरिवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) समितिको बैठकको निर्णय कार्यान्वयन गर्न सदस्य सचिव र प्रदेशस्थित सम्बद्ध निकायलाई निर्देशन दिने,

(२) अध्यक्षले दिएको निर्देशन पालना गर्नु सम्बद्ध सबै निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

७. <u>कार्यकारी निर्देशक:</u> (१) परियोजनाको व्यवस्थापन प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट प्रशासन, व्यवस्थापन, अर्थशास्त्र, इन्जिनियरिङ्ग वा विकास योजनाको विषयमा कम्तीमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि नियुक्ति भएको मितिले चार बर्षको हुनेछ ।कार्यसम्पादनको अधारमा निजको पुनः नियुक्ति हुन सक्नेछ ।

(४) कुनै कारणले पदावधि नपुग्दै कार्यकारी निर्देशकको पद रिक्त भएमा दफा ८ को उपदफा (१) बमोजिमको कार्यदलले गरेको सिफारिसका आधारमा बाँकी अवधिको लागि त्यस्तो पदमा समितिले अर्को व्यक्ति नियुक्त गर्नेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक र सुविधा प्रदेश सरकारको दशौं तहका अधिकृत सरह हुनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको नियुक्ति नभएसम्म✂.....को लागि समितिले प्रदेश सरकार मातहत सम्बन्धित क्षेत्रमा कार्यरत ♦नवौं तह वा सो भन्दा माथिल्लो तहका अधिकृतहरु मध्येबाट कार्यकारी निर्देशकको पदमा कामकाज गर्न तोक्न सक्नेछ ।

(७) यस आदेश बमोजिम कार्यकारी निर्देशक नियुक्ति गर्दा वा तोक्दा निजसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम कार्यकारी निर्देशकसँग गरिएको कार्यसम्पादन सम्झौता बमोजिम काम भए नभएको विषयमा समितिले अर्धवार्षिक रुपमा मूल्याङ्कन गर्नेछ ।

(९) उपदफा (८) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा निजलाई जिम्मेवारीबाट हटाउन सकिनेछ ।

(१०) उपदफा (९) बमोजिम जिम्मेवारीबाट हटाउनु पूर्व कार्यकारी निर्देशकलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

८. कार्यकारी निर्देशकको छनौट विधिः (१) दफा ७ बमोजिम कार्यकारी निर्देशक छनौट गरी नियुक्तिका लागि समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको कार्यदल रहनेछः-

| | |
|---|---|
| (क) ♣प्रदेश सचिव (प्रशासन तथा बैठक महाशाखा), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| (ख) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ग) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (घ) प्रदेश सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -♣सदस्य |

✂ पहिलो संशोधनद्वारा झिकिएको

♦ दोस्रो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

(ङ) ♣♣उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको ♣कार्यदलले आवश्यकता अनुसार अन्य पदाधिकारीको सहयोग लिन सक्नेछ । ♣♣उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्य सचिव अनुपस्थित रहेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा बैठक शाखा हेर्ने शाखा अधिकृत (अधिकृतस्तर सातौं) ले सदस्य सचिवको रुपमा कार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको ♣कार्यदलले दफा ७ को उपदफा (२) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी छनौटका आधार र मापदण्ड तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार गरिएको आधार र मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाको लागि सूचना गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम तयार गरिएको आधार र मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाका लागि आवेदन गर्ने उम्मेदवारहरु मध्येबाट योग्यताक्रम अनुसार तीनजना छनौट गरी समिति समक्ष सिफारिस गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा समितिले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(७) यस आदेश बमोजिम कार्यकारी निर्देशक नियुक्त गरिएको वा सो पदमा कामकाज गर्न तोकिएको व्यक्तिलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नियुक्त गरिएको वा तोकिएको पत्र दिनेछ ।

९. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः (१) यस आदेशमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिले गरेको निर्णय र दिएको निर्देशन प्रभावकारी ढंगले कार्यान्वयन गर्ने, गराउने,

(ख) समिति र परियोजनाको कार्यालयको प्रशासनिक काम गर्ने, गराउने,

(ग) कार्यसम्पादन सम्झौता बमोजिमका कामहरु गर्ने,

(घ) परियोजना कार्यान्वयनको गुरुयोजना र क्षेत्रगत कार्ययोजना तयार गरी समितिमा पेश गर्ने,

(ङ) परियोजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(च) परियोजनाको बार्षिक योजना, बजेट तथा कार्यतालिका सहितको कार्यक्रम तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(छ) समितिबाट स्वीकृत कार्यक्रम तथा कार्ययोजना कार्यान्वयन गर्ने वा गराउने,

(ज) परियोजनाबाट भएका कामहरुको प्रगति विवरण नियमित रुपमा समितिमा पेश गर्ने,

(झ) अध्यक्षको निर्देशन कार्यान्वयन गर्ने,

(ञ) परियोजनाको काम कारवाहीका सम्बन्धमा सम्बन्धित निकायहरुसँग समन्वय गर्ने, र

---

♣ पहिलो संशोधनद्वारा संशोधित

♣♣ पहिलो संशोधनद्वारा थप

(ट) समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) कार्यकारी निर्देशकले परियोजनाको सर्वाङ्गिण हित प्रवर्द्धनका लागि समितिसँगको समन्वयमा गोष्ठी र कार्यशाला आयोजना गर्न सक्नेछ ।

१०. <u>मानव श्रोत व्यवस्थापन</u>: (१) परियोजनामा रहने कर्मचारीको अस्थायी दरबन्दी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अस्थायी दरबन्दीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकार मातहतका कर्मचारीहरु मध्येबाट काजमा खटाउनेछ ।

(३) स्वीकृत अस्थायी दरबन्दीमा प्रदेश सरकार मातहतका स्थायी प्राविधिक कर्मचारी उपलब्ध हुन नसकेमा खुला प्रतिस्पर्धाको माध्यमबाट परियोजना अवधिभरका लागि करार सेवामा लिई काम लगाउन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम करारमा नियुक्त कर्मचारीको सेवा, शर्त र सुविधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

(५) समितिले परियोजना कार्यान्वयनका लागि आवश्यकताका आधारमा प्रचलित कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको सेवा उपलब्ध गराउने विशेषज्ञको कार्यशर्त, सेवा र सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(७) यस दफा बमोजिम परियोजनाको काममा खटेका कर्मचारीले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा निजले आफ्नो सेवा, शर्तसम्बन्धी कानून उल्लंघन गरेको मानिनेछ ।

(८) उपदफा (७) बमोजिम पदीय जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह नगर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

११. <u>बजेट सम्बन्धी व्यवस्था</u>: (१) समिति अन्तर्गत रहने परियोजना व्यवस्थापनका लागि समितिको सिफारिसमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्नेछ ।

(२) समिति र परियोजनाको नाममा प्रचलित कानून बमोजिम गरिने सबै खर्च उपदफा (१) बमोजिमको बजेट रकमबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(३) परियोजनाको शिघ्र कार्यान्वयनको लागि श्रोतको व्यवस्थापन गर्न समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारसमक्ष अनुरोध गर्न सक्नेछ ।

(४) आर्थिक अनुशासन कायम गरी यस दफा बमोजिमको बजेट खर्च व्यवस्थापन प्रचलित कानून बमोजिम गर्ने गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ ।

१२. <u>लेखा तथा लेखापरीक्षण</u>: (१) परियोजनाले आयव्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) परियोजनाले आयव्ययको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(३) आर्थिक अनुशासन कायम गर्न समिति र परियोजनाले नेपाल सरकारले अपनाए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

१३. अनुगमन तथा सुपरिवेक्षण: (१) यस आदेश बमोजिम कार्यान्वयन गरिने परियोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी समितिको हुनेछ ।

(२) समितिले यस आदेश बमोजिम कार्यान्वयनमा रहेका परियोजनाको जुनसुकै बखत अनुगमन तथा सुपरिवेक्षण गर्न वा गराउन सक्नेछ ।

(३) यस आदेश बमोजिम सञ्चालनमा रहेको परियोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तरमा कुनै प्रश्न उठेमा समितिले बिशेषज्ञ सहितको विशेष टोली गठन गरी जाँचबुझ तथा अनुगमन गराउन सक्नेछ ।

(४) यस दफा बमोजिम गरेको अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको जाँचबुझ वा अनुगमन टोलीबाट प्राप्त प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न समितिले सम्बन्धित सरोकारवालालाई निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन गर्नु सम्बन्धित सरोकारवालाको कर्तव्य हुनेछ ।

१४. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य सूचारु रुपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसिमितिको कार्यक्षेत्रगत शर्त तथा कार्यविधि त्यस्तो उपसमिति गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. बैठक भत्ता: समितिका सदस्यले समितिको बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिमको बैठक भत्ता पाउनेछ ।

१६. कार्यालय रहने स्थान: (१) समितिको कार्यालय परियोजनाको कार्यालयमा रहनेछ ।

(२) यस समिति अन्तर्गत सञ्चालन हुने परियोजनाको कार्यालय समितिले तोकेको स्थानमा रहनेछ ।

१७. अधिकार प्रत्यायोजन: (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) अध्यक्षले आफूमा अन्तर्निहित कुनै अधिकार समितिका कुनै सदस्य वा कार्यकारी निर्देशकलाई प्रदान गर्न सक्नेछ ।

१८. विवरण सार्वजनिक गर्नुपर्ने: समिति र यस अन्तर्गत सञ्चालित परियोजनाले आफूले सम्पादन गरेको काम कारवाहीको प्रतिवेदन प्रत्येक छ महिनामा सार्वजनिक गर्नु पर्नेछ ।

१९. <u>नेपाल सरकारसँग सम्पर्क:</u> समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ ।

२०. <u>कार्यविधि बनाउन सक्ने:</u> यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ र त्यस्तो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएपछि लागू हुनेछ ।

२१. <u>बाधा अडकाउ फुकाउने:</u> यस आदेशको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा समितिले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

२२. <u>खारेजी र संशोधन:</u> यस आदेशलाई खारेज वा संशोधन गर्ने अधिकार प्रदेश सरकार (मन्त्रिपरिषद्) मा निहित रहनेछ ।

ΦΦΦ